# नगर कार्यपालिकाको कार्यालय

(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)

लहान (सिरहा)

प्रदेश नं. २, नेपाल

(सूचना प्रकाशित मिति २०७८/०२/३० गते)

पत्र संख्या :- २०७७/०७८

चलानी नं. :- ४०९२

मिति :- २०७८/०२/३०

बसपार्क सेवा शुल्क संकलन ठेक्का सम्वन्धि शिलवन्दी दरभाउपत्र आह्वान सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल पूर्वाधार सेवा र उपयोगमा आ.व. २०७८/०७९ (२०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्त सम्म) १ (एक) वर्षका लागि तपसिल वमोजिमको सेवा शुल्क संकलन गर्न एक महिना अग्रीम गनी महसूलमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालयको सूचना पाटीमा टांस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट दरभाउपत्र फारम खरिद गरी रीतपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल :-

| क्र. सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ०१. | बसपार्क सेवा सेवा शुल्क लहान-१(सिंगराही) | १८,०१,३३४।- | १,०००।- | दरभाउपत्र |

शर्तहरु :-

०१. शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी,फर्म,संस्था वा कम्पीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व.२०७६/०७७ कालागि नविकरण भएको इजाजतपत्र,मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन अर्थात् मिति २०७८/०३/१३ गते सम्म कार्यालय समयभित्र तपसिलमा उल्लेखित दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजशव उप-शाखावाट फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६(सोह्रौ) औं दिन अर्थात २०७८/०३/१४ गते सोही दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । उक्त समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा (७५) दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो दरभाउपत्र मान्य न भै अमान्य हुनेछ ।

०५. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकको दामाशाहीले हिसाब गर्दा हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०७. शिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०८. सेवा शुल्क संकलन गर्दा शुल्कदातालाई दिईने रसिद नगरकार्यपालिकाको कार्यालय, लहानले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालय प्रमुख/शाखा प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्ने पाईनेछ र दोहोरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएकोमा नगरपालिकाद्धारा कानूनी कार्यवाही गरिनेछ ।

०९. दरवन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा न.पाले उक्त ठेक्का सम्झौता तोडने सक्ने छ र त्यसको उत्तरदायित्व ठेकेदारले नै ब्यहोर्नु पर्नेछ ।

१० नेपाल सरकार कुटनितिक नियोगका सवारी साधनाहरु बारुणयन्त्र, एम्बुलेन्स,शव वाहनमा पार्किङ्ग शुल्क लिन पाइने छैन ।

११. लहान नगरकार्यपालिकाको कार्यालय , लहान र बस पार्क संचालक बिच द्धिपक्षीय सम्झौता-पत्र अनुसार ठेक्का अंकको ७०% ले हुने रकम बस पार्क संचालक र ३०% लहान नगरकार्यपालिकाको कार्यालय, लहानलाई ठेकेदारले बुझाउनु पर्ने छ ।

१२. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. दरभाउपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र राजश्व उप-शाखामा सर्म्पक राखी वुझ्न सकिनेछ ।

2q
२०८१/१२/२८

प्रमुख प्रशासकीय अधिकृत